## हाम्रो भन्नु

जिल्ला शिक्षा कार्यालय , झापाको आर्थिक वर्ष २०७० /०७१ को स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको विद्यालयका राम्रा अभ्यास (BEST PRACTICES) को आदान प्रदान कार्यक्रममा आधारित भई यो पुस्तिका तयार गरिएको छ । विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यालयलाई चुनौतीपूर्ण भएको परिप्रेक्ष्यमा क्षेत्रगत रुपमा प्र.अ.को उपस्थिति गराई गरिएको अन्तरक्रियाको समष्टिगत रुप यस पुस्तिकाले सबै विद्यालयलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

विद्यालयहरुमा विभिन्न राम्रा तथा सफल अभ्यासहरु गरिरहेका छन् तर आफूले गरेका अभ्यासहरुको बारेमा अन्य विद्यालयहरुमा जानकारी एवं आदन प्रदान नभई रहेको अवस्थामा जिल्ला शिक्षा कार्यालयले सबै स्रोतकेन्द्रहरुबाट कम्तीमा १/१ विद्यालयका राम्रा तथा सफल अभ्यासहरु सङ्कलन गरी त्यसकै आधारमा यो पुस्तिका तयार गरिएको छ । यस क्रममा विद्यालयले गरेका राम्रा अभ्यासहरु यसमा समेट्ने प्रयास गरिएको छ । तापनि विद्यालयले गरेका केही राम्रा तथा सफल अभ्यासहरु यसमा छुट भएमा स्रोतकेन्द्रमार्फत् जिल्ला शिक्षा कार्यालयमा पठाई आगामी प्रकाशनको लागि सहयोग गरी दिनुहुन समेत अनुरोध गरिन्छ ।

विद्यालयले गरेका यी अभ्यासहरु अन्य विद्यालयमा हुबहु लागु गर्न उपयुक्त नभए तापनि विद्यालयको लागि मार्गदर्शन हुनेछन् भन्ने अपेक्षा गरिएको छ । यो पुस्तिका जिल्ला शिक्षा कार्यालयको पहिलो प्रयास भएकोले यसमा रहेका कमी कमजोरीका लागि सकारात्मक सुझावको अपेक्षा गरिन्छ ।

अन्त्यमा,

यो पुस्तिका तयार गर्न प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गरिन्छ ।

मिति : २०७१ असार जिल्ला शिक्षा कार्यालय , झापा।

## विद्यालयले गरेका सफल अभ्यासहरु

१. श्री हिमालय उच्चमाध्यमिक विद्यालय, दमक ।

- कक्षा १–६ सम्म पूर्ण रुपमा अंग्रेजी माध्यम तथा ९ –१० मा दुइ दुई सेक्सन अंग्रेजी माध्यममा पढाइ भइरहेको ।
- नयाँ शिक्षक नियुक्ति गर्दा वा सरुवा सहमति दिंदा प्रतिस्पर्धा गराई अंग्रेजी माध्यमबाट पढाउन सक्नेलाई मात्र सहमति दिने गरेको ।
- विद्यालय बन्दमुक्त (अवरोधमा पनि विद्यालय सञ्चालन हुन्छ) ।
- टिफिनको समयमा विद्यार्थी कम्पाउण्डभित्रै खाजा खान्छन् ।
- विद्यालयमा मन्टेशरी विधिबाट सामग्रीयुक्त पूर्वप्राथमिक कक्षा सञ्चालन हुने गरेको ।
- परीक्षा भएकै दिन शिक्षकले विद्यालयमै उत्तरपुस्तिका जाँच गरी लब्धाङ्क लेजरमा चढाउने व्यवस्था ।
- परीक्षाका सबै अभिलेख कम्प्युटरमा नै राख्ने व्यवस्था गरिएको ।
- भौतिक विज्ञान, रसायन विज्ञान, जीव विज्ञानका एक÷एकवटा प्रयोगशाला र कम्प्युटरका ४ वटा प्रयोगशालाको व्यवस्था गरिएको ।
- विज्ञान तथा कम्प्युटरका कक्षाहरू प्रोजेक्टरबाट पढाइन्छ ।
- कार्यरत शिक्षकका छोरा/छोरीहरु आफ्नै स्कुलमा पढछन् ।
- विद्यार्थीलाई प्रवेश परीक्षा लिई भर्ना गरिन्छ ।
- विद्यार्थीले गरेका गृह कार्यहरुको अभिलेख राखिन्छ ।
- जेनरेटरबाट निरन्तर विद्यु तको व्यवस्था गरी प्रत्येक कक्षामा प ङ्खा तथा बत्तीको व्यवस्था गरिएको
- पर्याप्त पुस्तक भएको E-Library को व्यवस्था छ ।
- Eco-Friendly club को व्यवस्था गरी पोखरी एवम् Botanical Garden को व्यवस्था गरिएको ।
- विद्यार्थी आवत जावतको लागि स्कुल बसको व्यवस्था गरिएको ।

२. श्री कमला मदन आश्रित स्मृति उच्च मा.वि., तोपगाछी

- निरन्तर वि  द्धुतको व्यवस्था गरी इन्टरनेट सहितको कम्प्युटर प्रयोगशालामा मल्टीमिडियाको माध्यमबाट  कक्षा शिक्षणमा शैक्षिक सामग्रीहरुको प्रयोग गर्ने व्यवस्था गरिएको ।
- विद्यालय र अभिभावकको सहयोगमा एस.एल.सी.को नतिजालाई उत्कृष्ट बनाउन हरेक वर्ष भाद्र महिनादेखि फागुन मसान्तसम्म कक्षा १० का विद्यार्थीका लागि Day Boarders को व्यवस्था मिलाइएको ।
- एस.एल.सी. परीक्षाको नतिजा प्रकाशनपछि वि.व्य.स. र शिक्षकहरुको संयुक्त बैठक बसी नतिजा विश्लेषण गरी आगामी विषयगत लक्ष्य तथा प्रतिबद्धता तोकिने गरिएको ।
- प्रा.वि. तहमा अनियमित हुने विद्यार्थीको आमाहरुको भेला निरन्तर राखी अन्तरक्रिया गर्ने गरिएको ।
- नि.मा.वि. तहका विद्यार्थीहरुले आफ्नो जन्म दिनको दिन अनावश्यक रुपले मिठाई, चकलेट बाड्नुको सट्टा त्यसबाट हुने खर्चलाई बचाएको रकमले प्राथमिक तहका बालबालिकाहरुलाई सुइटर तथा पोसाक खरिद गरी वितरण गर्ने गरिएको ।
- आयमूलक तथा बचत कार्यक्रम २ वटा टोलमा सञ्चालन गरिएको त्यसमा बचत कार्यक्रम र उनीहरुका बच्चाहरुको पठन पाठनका बारेमा अन्तरक्रिया गर्ने गरिएको ।

३.श्री सूर्योदय नि.मा.वि., पाँचगाछी

- हालसम्म कुनै पनि बन्दको आहवानमा विद्यालय बन्द नगरिएको ।
- सबै कक्षाकोठाको भित्तामा शैक्षिक सामग्रीयुक्त भित्ते लेखन गरिएको
- बालक्लबको गठन र मासिक रुपमा भित्ते पत्रिका प्रकाशनको व्यवस्था भएको ।

४. श्री प्रगति उ.मा.वि.,जुरोपानी

- प्रार्थना सभामा छोटो अतिरिक्त क्रियाकलाप सञ्चालन र पुरस्कारको व्यवस्था ।
- कक्षा शुरु हुनु अगावै ५ मिनेटसम्म जि.शि.का. , स्रोतकेन्द्र तथा शिक्षासंग सम्बन्धित निकायहरुबाट प्राप्त जानकारी तथा निर्देशनहरुको जानकारी र छलफल (प्र.अ. र शिक्षकहरुबीच) गर्ने गरिएको,
- शिक्षकहरुको फुर्सदको समयमा एकअर्का शिक्षकको कक्षा अवलोकन र पृष्ठपोषणको लेनदेन ।
- पाठनोट तयार गर्ने र हरेक शुक्रबार त्यसलाई प्रमाणित गर्ने ।
- कक्षागत रुपमा अभिभावक भेला गरी सूचनाको  आदन प्रदान गर्ने गरिएको ।
- लामो बिदामा कोचिङ्ग कक्षाको व्यवस्था ।
- प्रत्येक परीक्षा पछाडि विद्यार्थीको प्राप्ताङ्क र उपस्थिति विवरण अभिभावक समक्ष पुर्‍याइने गरेको ।

५. श्री विद्योदय नि.मा.वि., दमक –९

- आमा बचत कार्यक्रम लागु गरिएको ।
- युवा क्लबहरु गठन र  Eco-Friendly club गठन ।
- स्थानीय स्रोतबाट नर्सरी, के.जी र कक्षा ३ सम्म खाजा सञ्चालन ।
- टोल टोलमा अभिभावक सचेतना समूह गठन ।
- वर्षे बिदामा स्थानीय क्लबहरुबाट १ –५ कक्षाका विद्यार्थीलाई निःशुल्क ट्युसनको व्यवस्था गरिएको ।

६. श्री मोहनमाया मा.वि. चारपाने

- दैनिक पाठ योजना निर्माण गरेर मात्र कक्षामा प्रवेश गर्ने गरेको ,
- नियमित आमा र अभिभावक भेला,
- वि.व्य.स. र पि.टि.ए.वाट नियमित अनुगमन र सामुहिक छलफल,
- विद्यार्थी , शिक्षक आचार संहितको कार्यान्वयन गरिएको,
- फोहोरमुक्त विद्यालय,
- अनुपस्थित विद्यार्थीका अभिभावकसंग फोनवाट सम्पर्क एवं परामर्श ।
- लामो विदामा कोचिङको व्यवस्था गरिएको,
- अभिभावकको उपस्थितिमा नतिजा प्रकाशन गर्ने गरिएको,
- कक्षा १० लाई हरेक पाठको अन्त्यमा परीक्षा लिने गरेको ,
- हरेक वर्ष शैक्षिक सामग्री निर्माण र व्यवस्गापनको लागि कार्यशाला सञ्चालन गर्ने गरिएको,
- परीक्षाका उत्तरपुस्तिकाहरु फायलिङ गरी अन्नत्यमा अभिभावकहरुलाई वितरण गर्ने गरिएको ।

७. श्री जनता उ.मा.वि.,गौरादह

- पूर्वप्राथमिक देखि प्राथमिक तहसम्म अंग्रेजी माध्यममा कक्षा सञ्चालन
- कक्षा ८ र १० लाई कोचिङ कक्षाको व्यवस्था गरिएको ।
- विद्यार्थीको उपस्थिति दर वृद्धिका लागि बढी उपस्थित हुने विद्यार्थीलाई पुरष्कृत गर्ने व्यवस्था गरिएको ।
- शिक्षक विद्यालय आएर बीचैमा विद्यालयवाट बाहिर जानुपर्दा बिदा अभिलेख खातामा अभिलेख जनाएर मात्र जाने व्यवस्था गरिएको ।
- शिक्षकको उपस्थिति दर वृद्धिका लागि वर्ष भरिमा पाउने सञ्चित नहुने , भैपरी आउने र पर्व बिदा (१२ दिन) नलिई बचत गरेमा २ दिन बराबर १ दिनको तलब बराबर सुविधा दिइने गरेको ।
- आन्तरिक परीक्षाको नतिजा वितरण अभिभावकको उपस्थितिमा हुने ।

८. श्री स्कुलचौन उ.मा.वि., महारानीझोडा

- प्रत्येक परीक्षाको नतिजा प्रकाशनपछि खासगरी परीक्षामा न्यून अंक ल्याउने विद्यार्थीका अभिभावसँग अन्तरक्रिया र आवश्यक सुझाव आदान प्रदान गर्ने गरिएको ।
- कक्षा १ देखि कक्षा ५ सम्म अंग्रेजी माध्यमद्वारा अध्यापन भइरहेको
- कक्षा ६ देखि कक्षा १० सम्मका कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालन गरिने व्यवस्था मिलाइएको ।
- कुनै विद्यार्थी ३ दिनभन्दा बढी कक्षामा अनुपस्थित भएमा त्यस्ता अभिभावक परामर्श कार्यक्रम गर्ने गरेको ।
- कक्षा कोठामा समेत जान्ने विद्यार्थी र कम जान्ने विद्यार्थीलाई आपसमा मिलाई राख्ने व्यवस्था गरिएको गरिएको ।
- लामो बिदा (वर्षे बिदा) मा सबै कक्षाहरुको अतिरिक्त कक्षा सञ्चालन गरिएको छ । खास गरी कमजोर विद्यार्थीलाई अनिवार्य गराउन अभिभावकसँगै पुगी परामर्श गर्ने व्यवस्था गरिएको ।
- बन्द हडतालको समयमा विद्यालय सञ्चालन गर्न सबै सरोकारवालाहरुको सकारात्मक सहयोग जुटाई बन्दमुक्त विद्यालय बनाइएको ।
- विद्यालयले आर्थिक पारदर्शितालाई महत्वका साथ प्राथमिकतामा राखेको ।

जिल्ला शिक्षा कार्यालय झापा

९. श्री भृकुटी नि.मा.वि.,शरणामती

- प्रत्येक २ महिनामा प्रत्येक कक्षाका अभिभावकहरु विद्यालयमा आई आफ्ना बालबालिकाको शैक्षिक अवस्थाका बारेमा जानकारी लिने दिने व्यवस्था गरिएको ।
- पि.टी. व्यायाम कवाज प्रार्थनामा गर्ने गरिएको ।
- विद्यालयमा बाल क्लबको गठन भएको ।
- बाल क्लबबाट समूह गठन भई नामकरण गरेको ।
- शिक्षक बैठक बसी महिना भर गरिएका कार्यहरुको विश्लेषण छलफल गरिएको ।
- अनिवार्य २ महिनामा वि.व्य.स.को बैंठक बस्ने गरेको आवश्यकता अनुसार थप बैठक बस्ने गरेको ।
- स्वास्थ्य चौकीबाट सबै विद्यार्थीको २ महिनामा १ पटक स्वास्थ्य परीक्षणको वयवस्था गरिएको ।
- कक्षा १ र २ का बालबालिकाहरुलाई निःशुल्क स्टेसनरी (कपी पेन्सिल) दिने व्यवस्था गरिएको ।
- शै.स.को अन्त्यमा नमुना विद्यालयको शैक्षिक भ्रमण गर्ने व्यवस्था ।

१०. श्री भगवती नि.मा.वि., सुरुङ्गा

- प्राथमिक विद्यालयमा शारीरिक शिक्षा विषयमा आधारित सांगीतिक धुनबाट खेलाइने पि.टी नियमित गर्ने गरिएको ।
- बाल क्लब गठन ।
- आमा समूहमा बचत तथा लगानी एवं मासिक आमा समूहको बैठक ।
- फूलबारी निर्माण ।
- बाल कक्षादेखि कक्षा ३ सम्म अंग्रेजी माध्यममा पठन पाठन सुरु ।
- विद्यालय क्षेत्रभित्र प्लाष्टिक जन्यपदार्थ निषेधित ।
- वालमैत्री कक्षा सञ्चालन ।

११. श्री हिमाली नि.मा.वि.,घैलाडुब्बा

- शैक्षिक सत्रको सुरुमा सबै पक्षको सहभागितामा योजना निर्माण ।
- मासिक रुपमा कक्षागत आमा भेला र अन्तरकृया गर्ने गरिएको ।
- अभिभावक सचेतना कार्यक्रम र साक्षर बच्चाको मात्र नाम लेख्ने ।
- निर्णय प्रक्रियामा बालबालिकाको सहभागिताको व्यवस्था गरिएको ।
- वि.व्य.स. लगायतका अभिभावकहरु विद्यालयमा उपस्थित हुँदा नाम , पद आदिको समय उल्लेख गरी विद्यालयमा पठनपाठनको अवस्थाप्रति सुझाव लेख्नुपर्ने व्यवस्था कार्यान्वयन गरिएको , साथै विद्यालयमा सबैभन्दा बढी पटक आई सकारात्मक सुझाव दिने अभिभावकलाई पुरस्कारको व्यवस्था गरिएको ।
- बाल क्लबको सक्रियतामा नियमित उपस्थित नहुने विद्यार्थीको घरमा गई समस्या बुझ्ने परिपाटीको कार्यान्वयन गरिएको ।
- सूचना प्रविधिमा इन्टरनेट र वेवसाइटको व्यवस्था ।
- नागरिक बडापत्र निमार्ण गरी शिक्षक , विद्यार्थी र अभिभावक आचारसंहिता निर्माण र पालना गरिएको ।
- सबै विद्यार्थीको रक्त समूह पञ्जीकरण गरिएको ।
- नर्सरी १ र २ कक्षामा बालबालिकाको जन्म चार्ट कक्षा कोठामा राखी जन्म दिन मनाउने परम्परा बसालिएको ।
- विद्यालय शान्ति क्षेत्र अवधारणा अनुरुप सर्वपक्षीय सहमतिमा बन्द निषेधित विद्यालयको कार्यान्वयन गरिएको ।
- अतिरिक्त क्रियाकलापको संयोजन बाल क्लबले गर्ने गरेको साथै बाल क्लबले हिमाली बाल आवाज नामक मासिक भित्ते पत्रिका प्रकासन गर्ने गरेको ।
- प्रत्येक शिक्षकले महिनामा ३ विद्यार्थीको घर जानुपर्ने र प्र.अ. ले ५ घरमा जाने, सोको समीक्षा मासिक स्टाफ बैठकमा गर्ने गरिएको ।

जिल्ला शिक्षा कार्यालय झापा

१२. श्री सरस्वती मा.वि., सुरुङ्गा–३, जामुनवारी

- प्रे लाइनमा विद्यार्थीहरुबाट अंग्रेजीमा स्तुति गान गराउने , साथै पालैपालो प्रत्येक प्रत्येक सदनबाट १ जनाले अगाडि आई बढीमा ५ मिनेट अंग्रेजीमा Speech दिने व्यवस्था गरिएको ।
- विद्यालय सरसफाइ लगायतका कार्यमा Eco club लाई जिम्मेवारी दिइएको, साथै सो क्लबले सूचना पाटीमा आफ्नो गतिविधि टाँस गरी विद्यार्थीहरुलाई जानकारी दिने गरेको ।
- विद्यार्थीहरुलाई Group विभाजन गरी अध्यापन गराउने गरिएको ।
- विद्यार्थी विद्यालय ल्याउन सामुदायिक वनसंग हातेमालो कार्यक्रमः यस अन्तर्गत फ्रि कोचिङ्ग, रजिष्ट्रेशन शुल्क, परीक्षा शुल्क, एस.एल.सी. परीक्षा आवेदन फारम दस्तुर जस्ता शुल्क जस्ता रकम लाग्ने कार्यमा विद्यार्थीहरुले रकम बुझाउन नसक्ने अवस्था भएमा त्यस्ता विद्यार्थीलाई सामुदायिक वनले रकम उपलब्ध गराउने व्यवस्था मिलाइएको ।
- अति गरिब परिवारका बालबालिका विद्यालय पठाएबापत खाट , डोका, लुगा, स्वेटर आदि सामग्री विभिन्न संघ संस्थाबाट त्यस्ता परिवारलाई उपलब्ध गराउने व्यवस्था गरिएको ।
- विद्यालयमा नियमित अतिरिक्त क्रियाकलाप सञ्चालन र त्यसको सञ्चालन विद्यार्थीबाट नै गर्ने व्यवस्था गरिएको ।

१३. श्री सरस्वती नि.मा.वि., हल्दिबारी –३,

- प्रत्येक परीक्षा समाप्त भएपछि अभिभावक , विद्यार्थी, प्र.अ., शिक्षक, वि.व्य.स., शि.अ.सघंको संयुक्त बैंठकमा परीक्षाको नतीजा विश्लेषण ।
- प्रत्येक मसान्तमा स्टाफ बैठक बसी महिना भरिका शैक्षिक गतिविधिको बारेमा छलफल र आगामी महिनामा गर्ने कार्यहरु तय गर्ने गरेको ।
- बालविकास केन्द्रमा टि.भी. तथा आराम कक्षको व्यवस्था गरिएको ।

१४. श्री सरस्वती मा.वि., पृथ्वीनगर

- अंग्रेजी माध्यमबाट ल्गचकभचथ तय घ ऋबिकक स सम्म अध्यापन गर्ने गरिएको,
- टिफिन समयमा शिक्षक र विद्यार्थीलाई विद्यालय हाताभित्रै खाजा घरको व्यवस्था गरिएको,
- बालमैत्री विद्यालयका लागि चिप्लेटी , पिङ्ग, गुड्ने कछुवा आदिको व्यवस्था गरिएको,
- सम्भव भएसम्म शिक्षकहरुको छोरा छोरी आफ्नै विद्यालयमा पढाउन प्रोत्साहन गरिएको ।
- धैरै अनुपस्थित हुने विद्यार्थीहरुको घरमा गएर छलफल गर्ने गरिएको ।
- शिक्षण सिकाइमा क्ष्त् को प्रयोग गरी अध्यायन अध्यापन गर्ने गरिएको,
- बालमैत्री बसाइका लागि कक्षा कोठामा राउण्ड टेबलको व्यवस्था ।
- कोचिङ्ग कक्षा सञ्चालन तथा कमजोर विषयको लागि परामर्श ।

१५. श्री चन्द्रभानु ज्योति मा.वि., पृथ्वीनगर–४

- कक्षा खाली भएको अवस्थामा अतिरिक्त कार्य तालिका निर्माण गरेर ठूला कक्षाका मेधावी विद्यार्थीहरुलाई जिम्मेवारी बाँडफाड गरी दिएर दैनिक पठन पाठन सम्बन्धी कार्यलाई निरन्तरता दिने गरिएको,
- बालमैत्री कक्षाको अवधारण अनुरुप कक्षा सञ्चालन गर्ने गरिएको,
- कक्षा कोठामा बसाइ व्यवस्थापन , कक्षा सजावट, जिम्मेवारीको बाँडफाँड आदिको अनुगमन गरी पुरस्कारको व्यवस्था गरिएको,
- अभिभावकसंग निरन्तर सम्पर्क , घरदैला, भेटघाट र छलफल नियमित रुपमा गर्ने गरिएको,
- SMC, PTA, TEACHER हरुको सामूहिक छलफल पश्चात् त्यहाँबाट आएका विभिन्न पक्षहरुको Short Analysis गरी वार्षिक शैक्षणिक योजना निर्माण गर्ने गरिएको ।

१६. श्री जानकी मा.वि.,बालुबाडी–१, झापा

- विद्यार्थी नियमितता तथा विद्यार्थीको व्यक्तिगत सरसफाइका लागि त्रैमासिक रुपमा आमा भेला गर्ने गरिएको,
- टिफिनको समयमा शिक्षक र विद्यार्थीसँगै बसेर खाजा खाने ।
- शिक्षकहरुले क्यावि तथा पर्वबिदा जोगाएमा प्रतिदिन रु.१५०।– पाउने ।

१७. श्री शारदा नि.मा.वि.,भद्रपुर –१३,

- बाल विकास केन्द्रकाका बालबालिकाहरुलाई विद्यालयको तर्फवाट पोषणयुक्त दिवा खाजाको व्यवस्था गरिएको,
- शिक्षकको मासिक हाजिरी प्रत्येक महिना स्रोतव्यक्तिलाई एस.एम.एस. गरी पठाउने गरेको साथै विद्यालयमा टाँस गर्ने गरिएको,
- विद्यार्थीको औसत विषयगत प्राप्ताङ्क चार्ट पेपरमा लेखी विद्यालयमा टाँस गर्ने गरिएको,
- विद्यार्थीको अनुपस्थिति कम गर्न ३ -४ दिन अनुपस्थित विद्यार्थीको घरमै गई विद्यार्थीलाई विद्यालय लिई आउने गरिएको,
- विद्यार्थी भर्ना अभियानमा विद्यार्थीहरुलाई साथीसँग सोधपुछ गरी साथीखोज कार्यक्रम सञ्चालन गर्ने गरिएको,
- शिक्षक विद्यार्थी अभिभावक आचार संहिता भित्ते लेखन गरिएको साथै कार्यान्वयन गरिएको,
- सबै कक्षा कोठामा मगकत दष्ल को व्यवस्था गरिएको ।

१८. श्री महेन्दरत्न उ.मा.वि., अनारमनी

- बालविकास केन्द्रलाई सामग्री युक्त बनाई बालविकास केन्द्रदेखि कक्षा ३ सम्म अंग्रेजी माध्यममा कक्षा सञ्चालन हुने गरेको,
- बाल विकासदेखि कक्षा १० सम्म शिक्षकहरुको विषयगत विभाग गठन
- इन्टरनेट सहितको कम्प्यूटर ल्यावको व्यवस्थागरी कम्प्यूटरको माध्यमवाट अध्ययन अध्यापनको सुरुवात गरिएको ।

१९. लक्ष्मी मा.वि. शनिश्चरे

- मासिक तथा आवधिक अन्तक्रिया कार्यक्रम सञ्चालन गरिएको ,

क. शिक्षक र विद्यार्थी बीच

ख. शिक्षक , विद्यार्थी नेतृत्व र प्र.अ.बीच

ग. शिक्षक , अभिभावक र प्र.अ. बीच

घ. शिक्षक , PTA र SMC बीच

- ७५ प्रतिशत उपस्थिति नपुग्ने विद्यार्थीहरुको मासिक नामावली प्रकाशन एवम् त्यी विद्यार्थीहरुको नियमिततामा जोड दिने गरिएको ।
- विषयगत शिक्षक विभागद्वारा माग भएको शैक्षिक सामग्रीको उचित व्यवस्थापन ।
- शिक्षकलाई आवश्यक प्रशिक्षण एवं विषयवस्तुमा सहयोगका लागि आन्तरिक बजेट विनियोजन र विद्यालयमै प्रशिक्षकलाई बोलाई शिक्षकहरुलाई प्रशिक्षणको व्यवस्था गरिएको ।
- नि.मा.वि. र मा.वि. तहमा All subject pass - pass को कार्यान्वयन गरिएको,
- त्रैमासिक, अर्धवार्षिक र वार्षिक नतिजा विश्लेषण गरी लक्ष्य निधार्रण गर्ने गरिएको,
- नियमित PTA, SMC, प्रशिक्षक, विषय विज्ञद्वारा नियमित शैक्षिक सुपरिवेक्षणको व्यवस्था भएको,
- विद्यार्थी आवत जावतको लागि पासवुक व्यवस्थापन गरिएको ,
- स्थानीय FM मार्फत विद्यार्थीको प्रतिभा प्रष्फुटनको व्यवस्थापन मिलाइएको ।
- न्यून सिकाई उपलब्धि भएका विद्यार्थीलाई अतिरिक्त कक्षाको व्यवस्थापन गरिएको ।

२०. श्री बाल निकुञ्ज उ.मा.वि., सतासिधाम

- २०६५ सालदेखि अंग्रेजी मध्यममा ल्गचकभचथ कक्षा सुरु गरी हाल कक्षा ५ सम्म अंग्रेजी माध्यममा कक्षा सञ्चालनमा रहेको,
- वि.स.२०६६ सालदेखि पूर्व प्रा. कक्षामा दिवा खाजा , कक्षा कार्यको लागि कपी र सिसाकलमको व्यवस्था गरिएको,
- वि.सं. २०६७ मा पूर्व प्रा. कक्षाहरु डेकोरेसन भुइंमा (कार्पेट, तख्, पंखा)को व्यवस्था गरिएको,
- पूर्व प्राथमिक तहका ३ वटा कक्षाहरु सञ्चालन गरिएको,
- शिक्षकहरुको अंग्रेजी भाषामा सुधारका लागि  कार्यशाला, मन्टेश्वरी, तथा अंग्रेजी विषयको तालिम सञ्चालन र विद्यालय परिसरमा शिक्षकहरु अंग्रेजीमा बोलचालको व्यवस्था गरिएको ।
- घोषणा पत्र जारी गरेर शिक्षक , सरोकारवाला, समितिका पदाधिकारीहरु, अभिभावकहरु तथा विद्यार्थीबाट प्रतिबद्धता व्यक्त एवं कार्यान्वयन गरिएको ,
- सबैभन्दा बढी हाजिर हुने विद्यार्थीलाई र निजको अभिभावकलाई पुरस्कार र सम्मानको व्यवस्था गरिएको,
- शैक्षिक क्यालेन्डर प्रकाशित गरी सम्पूर्ण विद्यालय परिवारलाई विद्यालयको वर्ष भरीमा गरिने सम्पूर्ण क्रियाकलापको जानकारी ।
- अभिभावकलाई कबुलियत गराई विद्यार्थीको नियमितता , शैक्षिक क्रियाकलाप र अनुशासनमा अभिभावक सहभागिता वृद्धि गरिएको,
- हरेक महिना अभिभावकहरुले आफ्ना नानीहरु घरमा रहदाँको गतिविधि विद्यालयमा वुझाउनुपर्ने नियमको कार्यान्वयन गरिएको,
- विद्यालयको वार्षिक कार्यक्रम निर्माणमा सम्पूर्ण सरोकारवालाहरुको सहभागिता हुने गरेको ।
- हरेक ३, ३ महिनामा कार्य सम्पादन समीक्षा गर्ने गरेको,

२१. धुलाबारी उ.मा.वि. धुलाबारी,

- नियमित कक्षागत अभिभावक भेला ।
- शिक्षकहरुको विषयगत समूह विभाजन र साप्ताहिक छलफलको व्यवस्था,
- स्काउट, रेडक्रस र बालक्लबको गठन
- विज्ञान क्लबको गठन र विज्ञान कुनाको व्यवस्था
- मनोपरामर्श एकाइ गठन र क्रियाकलाप,
- बालविकास केन्द्रका बालबालिकाको लागि आयाको व्यवस्था
- फूलबारी निर्माण र उचित व्यवस्थापन भएको,
- पशुउपचार कक्षा सञ्चालन गरिएका ,
- Soft Skill को ALG गठन गरी नियमित छलफल र अन्तरक्रिया गर्ने गरिएको ।

२२. कृष्ण नि.मा.वि. बाहुनडागी

- वर्षभरिको उत्कृष्ट शिक्षक छनौट गरी सम्मान गर्ने गरिएको।
- तालिममा सिकेका सीपलाई हुबहु कक्षा कोठामा प्रयोगमा ल्याउने प्रतिबद्धता गरी कार्यान्वयन समेत गर्ने गरिएको ।
- कक्षा ६, ७ र ८ लाई विद्यालयमा र कक्षा १, २, ३ लाई विद्यालय बाहिर ३ स्थानमा ३ महिनासम्म निःशुल्क कोचिङ कक्षाको व्यवस्था ।
- विद्यार्थी, शिक्षक र अभिभावकलाई वार्षिक कार्यक्रममा सम्मान ।
- कक्षा शिक्षकले सबै अभिभावकको सम्पर्क नं. राख्ने गरेको , साथै विद्यार्थीको उपस्थिति, कक्षा कार्य, गृहकार्य, पोसाक र सरसफाइ जस्ता विषयमा फोनबाट नै परामर्श गर्ने गरिएको ,
- शैक्षिक सामग्रीको व्यवस्था गरिएको साथै त्यसको प्रयोगको अवस्था र सुरक्षाको प्रबन्ध वि.व्य.स., शि.अ. संघले गर्ने गरेको,
- इको क्लबको गठन गरी वातावरण संरक्षण सम्बन्धी कार्यहरु गरिएको

२३. बुद्धआदर्श उच्च माध्यमिक विद्यालय, बुधवारे

- नियमित कोचिङ कक्षा सञ्चालन गर्ने गरिएको,
- कक्षा कक्षामा फोहोर फ्याक्ने भाँडोको व्यवस्था गरिएको,
- रेडक्रस र वाल क्लवको व्यवस्था गरिएको,
- वालमैत्री विद्यालयको प्रारुपमा सञ्चालन हुदै गरेको ।

२४. बालसुबोधिनी नि.मा.वि. दुवागढी

- जिल्लाको उत्कृष्ट बालविकास केन्द्र सञ्चालन गरिएको,
- विद्यालय परिसरमा आकर्षक फूलबारीको व्यवस्था गरिएको,
- हरेक दिन बालक्लबबाट संगीतमय प्रार्थना एवं क्विज गर्ने गरिएको , साथै बालक्लबाटै भित्ते पत्रिका प्रकाशन गर्ने गरिएको,
- मितेरी बसाइ व्यवस्था गरिएको (बढी जान्ने र कम जान्नेबीच )
- बालमैत्री फर्निचरको व्यवस्था गरिएको,
- विद्यार्थी हाजिर गर्ने नयाँ तरिका अपनाइएको (महिनामा आफू उपस्थित भएको दिन संख्या भन्नुपर्ने)
- विद्यालय हातामा चिल्ड्रेन पार्कको व्यवस्था गरिएको,
- विद्यार्थी उपस्थिति बोर्डको व्यवस्था गरिएको,
- आर्थिक पारदर्शिताको लागि वार्षिक आम्दानी खर्च विवरण विद्यालय हातामा टाँस गरिएको,
- हरेक महिना उत्कृष्ट विद्यार्थीको रुपमा हरेक कक्षाका १ , १ जनालाई पुरस्कृत गरी "स्टुडेण्ट अफ दि मन्थ "को रुपमा फोटोसहित राख्ने व्यवस्था गरिएको,
- नि.मा.वि. तहको पेसा, व्यवसाय र प्रविधि अन्तर्गतको तरकारी खेतीको प्रयोगात्मक अभ्यासका लागि करेसाबारी निर्माण गरिएको ।

२५. आदर्श उ.मा.वि., मे.न.पा.

- मासिक हाजिरी कार्डको व्यवस्था
- विद्यार्थी भर्नाको लागि प्रवेश परीक्षा गरी अभिभावकको उपस्थितिमा उ.पु. परीक्षण गर्ने र नतिजा प्रकाशन गर्ने गरिएको,
- मासिक परीक्षा गरी उ.पु. परीक्षण पश्चात् विद्यार्थीलाई नै उ.पु. फर्काउने व्यवस्था गरिएको,
- विद्यार्थीको हाजीरी पहिलो र पाँचौ घण्टीमा गर्ने गरिएको,
- अन्तर सदनात्मक अतिरिक्त क्रियाकलापको व्यवस्था गरिएको,
- सिकाइ एवं शैक्षिक सामग्री युक्त कक्षाकोठाको व्यवस्था गरिएको,
- कक्षा १ , २ र ३ का बालबालिकाका लागि दिवा खाजाको व्यवस्था गरिएको,
- आकर्षक फूलबारीको व्यवस्था गरिएको,
- हरेक कक्षा कोठामा विद्यार्थी उपस्थिति पाटीको व्यवस्था गरिएको,
- दैनिक शिक्षक उपस्थिति बोर्डको व्यवस्था गरी दैनिक अपडेटको व्यवस्था गरिएको,
- विद्यालयको आय व्यय विवरण विद्यालय परिसरमा टाँस गरिएको,
- मनोपरामर्श केन्द्रको स्थापना गरी बालिकाहरुलाई परामर्शको व्यवस्था गरिएको ,
- बालक्लबको गठन र भित्ते पत्रिका प्रकाशन गर्ने गरिएको,
- सुविधा युक्त छात्रा शौचालयको व्यवस्था गरिएको,
- नागरिक बडापत्र विद्यालयमा टाँस गरिएको ।

२६. कंचनजंगा नि.मा.वि. मेचीनगर

(क) विद्यालय व्यवस्थापन र प्रशासन

- वातावरण सुधारको लागि वृक्षारोपण गरिएको र सरसफाइको लागि प्रत्येक कोठामा म्गकतदष्ल को प्रयोग गरिएको,
- बाल क्लब , कञ्चनजंगा गलभकअय क्लब र स्थानीय युवाहरुको कञ्चनजंगा ग्रीन क्लबलाई विद्यालयमा वातावरण सुधार सम्बन्धमा भए गरेका कार्यक्रमहरुको प्रगतिको अनुगमन गर्ने जिम्म्मे वारी दिइएको छ ।
- कुनै पनि कार्यको थालनी गर्दा विद्यालय परिवार तथा अभिभावकहरुको सहभागितामा गर्ने गरिएको ।
- वि.व्य.स.तथा शि.अ.सं.ले पालैपालो नियमित रुपमा कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने गरिएको ।

(ख) शिक्षण व्यवस्थापन

- योजना निर्माण र बजेट बाँडफाँडमा सबै (वि.व्य.स. , शि.अ.स., शिक्षक स्टाफ, बालक्लब, अभिभावक) को सहभागितामा हुने गरेको,
- कार्यरत सम्पूर्ण शिक्षकहरुलाई अध्यापनका अतिरिक्त आ –आफ्नो जिम्मेवारी सुम्पिएको,
- प्रत्येक शिक्षकलाई कार्यक्षमता र उपस्थितिको आधारमा प्रोत्साहन गर्ने गरिएको र वार्षिक रुपमा शैक्षिक अवलोकन भम्रणमा लाने गरिएको ।
- जलवायु परिवर्तन सम्बन्धी सामान्य तालिम लिई जानकारी हासिल गरी विद्यार्थीहरुलाई समेत जानकारी गराउने गरिएको ।
- प्रत्येक महिना स्रोतकेन्द्र स्तरीय प्र.अ. बैठकपछि विद्यालयमा स्टाफ बैठक बसी लिखित रुपमा निर्णय गर्ने गरिएको,
- विद्यालयमा कम्प्युटर र इन्टरनेटको व्यवस्था गरिएको ।

ग) विद्यार्थी परिचालन र शैक्षिक व्यवस्थापन

- शत प्रतिशत सेवा क्षेत्रका उमेर पुगेका बालबालिकाहरु भर्ना भएका छन् , विद्यालय पहुंचबाहिर कोही छैनन् ।
- भर्ना भएका सबै बालबालिकामध्ये ५७५ छात्रा र ४३५ छात्र रहेका छन् , तसर्थ लैंगिक हिसाबले केटीको भर्ना संख्या ज्यादा छ ।

घ) विद्यालयमा जम्मा क्लब यस प्रकार रहेका छन्

क) बाल क्लब ख) कञ्चनजंघा युनेस्को क्लब ग) प्राथमिक उपचार क्लब

- विद्यार्थीहरुको रुचि अनुसार कार्यक्रम गरिदैं आएको छ । कुनै पनि निर्णय गर्नुपर्दा अनिवार्य रुपमा विद्यार्थीको प्रतिनिधि हुनुपर्ने व्यवस्था गरिएको छ ।
- प्रत्येक परीक्षापश्चात् विद्यार्थीहरुको अभिभावकलाई उनीहरुको शै.उ. बारेमा जानकारी गराइन्छ । जो कोहीलाई देख्ने गरी कार्यालयमा वार्षिक शैक्षिक उपलब्धि टांस गरिएको छ ।

ङ) वातावरण सुधार

- विद्यालय हाताभित्र आकर्षक फूलबारी कगैंचा रहेको छ । चारै क्षेत्रमा कक्षा कोठा र कार्यलयअघि फूलबारी बगैचा छ । यो कार्यको थालनी १३-१४ वर्ष अघि नै गरिएको हो ।
- अहिलेसम्म जलवायु परिवर्तनको र वातावरण सुधारको निमित्त २ पटक (२०७० वैशाखदेखि) अभिभावक भेला गराई चेतनामूलक कार्यक्रम सम्पन्न गरिएको छ ।
- सेवाक्षेत्रभित्र वातावरण सुधारको लागि वृक्षारोपण गर्न अभिभावक भेलाले लिखित निर्णय नै गरी कार्यन्वयनको प्रक्रिया अघि बढाइसकेको छ । प्लाष्टिक जन्य वस्तुको अति कम प्रयोग गर्ने गरिएको छ । साथै सेवा क्षेत्रकै लागि वृक्षारोपणको निमित्त विद्यालयले रु १५,०००।- प्रदान गरिसकेको छ ।

- बाल क्लब र युनेस्को ग्रिन क्लबको अगुवाइमा वातावरण सुधार सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिदैं आएको छ । जस्तै May 5 तारिख वातावरण दिवसको अवसरमा हाजिरी जवाफ , सरसफाइ, वृक्षारोपण आदि ।
- शिक्षक, विद्यार्थी, वि.व्य.स., शि.अ.स. को साथै सेवा क्षेत्रका प्राय घरमा आकर्षक करेसाबारी, फूलवारी र बोटबिरुवा रोपिएका छन् ।
- च. समुदाय परिचालन
- वातावरण सुधारको निमित्त नै विद्यालयको पहलमा समाजलाई परिचालन गर्ने हेतुले अभिभावकहरुको कञ्चनजंघा ग्रिन क्लब गठन गरिएको छ । सो क्लबले वृक्षारोपण र सरसफाइ सम्बन्धी कार्य गर्दै आएको छ ।
- विद्यालय सेवा क्षेत्रभित्रका अभिभावकहरुले विद्यालयमा सबैका लागि दिगो र गुणस्तरीय शिक्षा प्रवद्र्धनमा योगदान पु ¥याएका छन् यसको लागि समय समयमा अभिभावक भेला गर्ने गरिएको छ । अभिभावकहरुकै सक्रियतामा विद्यालयमा बाल शिक्षा, नियमित शिक्षा र प्रौढ शिक्षा सञ्चालन हुदैं आएको छ ।

जिल्ला शिक्षा कार्यालय झापा